# विहादी गाउँ कार्यपालिकाको मिति २०८२ साल पौष महिनाको निर्णय प्रमाणित

## मिति २०८२।०८।०८ गते को निर्णय

**निर्णय नं १ :** चालु आर्थिक वर्ष २०८२।०८३ मा राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता संचालन गर्न चालु आर्थिक वर्षमा विनियोजित बजेट अपुग हुने देखिएकोले अपुग हुने रकम रु २,६०,०००/- अक्षेरुपी दुई लाख साठी हजार रुपैयाँ आगमी गाउँसभामार्फत संचित कोषबाट विनियोजन हुने गरि जम्मा ८ लाख ५० हजार रुपैयाँको अधिनमा रही कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं २ :** विहादी गाउँपालिका भित्र प्रजननका लागि राँगा पालेका कृषकहरुलाई प्रोत्साहन कार्यक्रम व्यवस्थित तरिकाले सञ्चालन गर्ने उद्देश्यले निर्माण गरिएको "प्रजननका लागि राँगा पालेका कृषकहरुलाई प्रोत्साहन कार्यक्रम संचालन मापदण्ड, २०८२" स्वीकृत गरियो ।

**निर्णय नं ३ :** विहादी गाउँपालिकाको शिक्षा योजना निर्माण गर्नको लागि गत आर्थिक वर्ष २०८१।०८२ मा गठन भएको शिक्षा योजना निर्माण निर्देशन समिति र शिक्षा योजना निर्माण लेखन समितिलाई चालु आ व २०८२।०८३ मा योजना निर्माण गर्ने कार्य अगाडी बढाउन निर्देशन दिने निर्णय गरियो ।

## मिति २०८२।०८।१६ गते को निर्णय

**निर्णय नं १ :** विहादी गाउँपालिका,गाउँ कार्यापालिकाको कार्यालय बहाकीठाँटी पर्वत, ऐ.का अध्यक्ष, ऐ.का प्रमुख प्रशासकिय अधिकृत समेतका विरुद्ध विपक्षी सिर्जना आचार्यले श्री उच्च अदालत पोखरामा उत्प्रेषण परमादेश समेत (रिट नं .०८२-WO-००५०) र विपक्षी दिनेश भुषालले उच्च अदालत पोखरामा उत्प्रेषण परमादेश समेत (रिट नं.०८२-WO-००५१) मुद्दा दायर गरी उच्च अदालत पोखरा बाट विहादी गा.पा. समेतका नाउँमा १५ दिने सुचना म्याद मितिः२०८२/०८/१४ गते तामेल भएकाले माथि उल्लेखित २ थान मुद्दामा उच्च अदालत पोखरामा लिखित जवाफ दर्ता गरी मुद्दामा पुर्पक्ष गर्न आफै वा वारेस मुकरर गरी मुद्दामा पुर्पक्ष गर्न/गराउन सक्ने गरी विहादी गाउँपालिका अध्यक्ष श्री परविन गुरुङलाई अख्तियारी दिने निर्णय गरियो।

**निर्णय नं २ :** मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखराको मिति २०८२।०८।०९ मा प्रकाशित मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सूचना अनुसार यस विहादी गाउँपालिकामा मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम संचालन गर्नको लागि **स्थानीय कच्चा पदार्थ र सीपमा आधारित लघु उद्योग प्रवर्द्धन कार्यक्रम** शिर्षकमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ३ :** मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम संचालकनको लागि "मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कायक्रम कार्यान्वियन (पहिलो संशोधन) कार्यविधि, २०८२ को दफा २५ बमोजिम गाउँपालिकाको २५ प्रतिशत लागत सहभागिताको लागि यस विहादी गाउँपालिकाको संचित कोषमा रहेको रकमबाट आगामी हिउँदे गाउँसभाबाट बजेट विनियोजन गरि लागत सहभागितामा परियोजना कार्यान्वयन गर्ने र सो को लागि आवश्यक बजेट सुनिश्चितताको प्रतिबद्धता गर्ने निर्णय गरियो ।

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति : २०८२।०९।०२